# ९ येशूभक्तहरूलाई पावलको हार्दिक आग्रह

***यस अध्यायको निम्ति पढ्नुहोस्*** :गलाती ४:१२-२० ,१ कोरन्थी ११:१ , फिलिप्पी ३:१७ ,१ कोरन्थी ९:१९-२३ ,२ कोरन्थी ४:७-१२।

***स्मरण गर्नुपर्ने पद*** **:"मेरा भाइ बहिनी तथा मित्रहरू हो ,म तिमीहरूलाई यो हार्दिक आग्रह गर्दछु। तिमीहरू पनि म जस्तै हुन आग्रह गर्दछु। किनभने म पनि तिमीहरू जस्तै भएको छु।"गलाती ४:१२ रूपान्तरित।**

अहिलेसम्म हामीहरूले हेऱ्यौं कि पावलले आफ्ना तर्कहरू गलातीका विश्वासीहरूलाई बुझाउन कुनै पनि शब्दलाई प्रयोग गर्न बाँकी राखेनन्। पावलले स्थापना गरेको चर्चप्रति अत्यन्त संवेदनशील र भावुक भएर कडा भाषामा त्यो पत्र लेख्दा उनको हृदयमा चर्चले भोगिरहेको आत्मिक संघर्षप्रति कत्तिको गम्भीर चासो राखेको रहेछ भनेर त्यस पत्रले देखाउँदछ। गलातीको पत्रमा धेरै धार्मिक विषयवस्तुहरूलाई पावलले सम्वोधन गरेको हामी पाउँछौं। तर चर्चले अपनाउनुपर्ने उचित सिद्धान्त वा शिक्षादीक्षा पनि अत्यन्त महत्त्वपूर्ण छ भनेर उनको पत्रले देखाउँदछ। यदि कसमा मात्र होइन ,केमा विश्वास गर्नु पर्छ भन्ने सरोकारको विषय होइन भने पावलले अत्यन्त गम्भीर भएर भित्री हृदयदेखि नै भावविभोर भएर कुनै पनि विषयमा सम्झौता नगरि त्यो पत्र किन कोर्नु परेको होला त ?त्यसकारण यो कुरालाई आत्मसात् गर्नु जरुरी छ कि सुसमाचारको वरिपरि खडा भएको सबै शिक्षादीक्षा तथा ज्ञानहरूमा शिक्षित हुनु अत्यन्त महत्त्वपूर्ण छ। यसको अर्थ कसलाई मात्र होइन केमा विश्वास गर्नु हाम्रो आत्मिक जीवनको कर्तव्य हो।

आफ्नो विषयवस्तुलाई पावलले गलाती ४:१२-२०मा निरन्तरता दिएको पाउँछौं। तर विश्वासीहरूलाई प्रस्तुत गर्ने आफ्नो शैली केहि हदमा परिवर्तन गरिएको पाउँछौं। गलातीहरूको गलत धारणालाई औंल्याउँदै पावलले धेरै वौद्धिक स्तरमा आफ्ना तर्कहरू प्रस्तुत गरेको थियो। अब उनी व्यक्तिगतरूपमा र धर्मगुरु वा पास्टर भएको हैसियतले गलातीका विश्वासीहरूलाई तिनीहरूले अपनाएका गलत मार्गलाई त्याग्न अनुरोध गर्दै आफ्नो पत्रलाई अगाडि बढाउँदछन्। झुट्टा र नकावधारी "क्रिश्चियन " भनाउँदा धर्मगुरुहरूले गलातीका विश्वासीहरूको सत्य हितप्रति सरोकार राखेका थिएनन्। तर पावलले तिनीहरूप्रति आफू कत्तिको हृदयदेखि संवदेनशील र चिन्तित भएको देखाउँदछन्। सही शिक्षादीक्षाबाट फर्केर गएका आफ्ना

विश्वासीहरूलाई आफू असल गोठालो भएको महसुस गराउँदै तिनीहरूलाई प्रेम देखाउँदछन् र तिनीहरूप्रति आशावादी भएको पनि देखाउँदछन्। केवल ठीक शिक्षा वा प्रवचनमात्र दिएर धार्मिक भाषण पावलले दिएको पाउँदैनौं। तर आफूले प्रेम गरेको समूहको सेवा गर्न पनि आफू कत्तिको तत्पर भएको उनले देखाउन खोजेको पाउँछौं।

## १. पावलको हृदय (गलाती ४:१२-२०)

पावलको गलाती ४:१२-२०मा उल्लेखित सन्देशको मूल जोडदार विषयवस्तु के हो ?हेर्नुहोस् :" **12दाजुभाइहरू, म बिन्ती गर्दछु, तिमीहरू पनि मजस्तै होइदेओ किनभने म पनि त तिमीहरूजस्तै भइदिएको छु। तिमीहरूले मलाई केही नराम्रो गरेका छैनौ। 13तिमीहरूलाई थाहै छ, सबैभन्दा पहिले तिमीहरूकहाँ सुसमाचार सुनाउँदा म बिरामी थिएँ। 14त्यस बेला मेरो बिमारले तिमीहरूलाई अप्ठ्यारो पारेको थियो र पनि तिमीहरूले मलाई छिःछि ःर दूर-दूर गरेनौ। तर उल्टै तिमीहरूले त परमेश्वरको दूतलाई र ख्रीष्टलाई झैं मलाई स्वागत गर्‍यौ। 15अहो, त्यस बेला तिमीहरू कति खुसी थियौ, सम्भव भए त्यस बेला तिमीहरूले आफ्ना आँखा निकालेर मलाई दिनुपरे पनि दिन तयार थियौ। म यसको साक्षी छु। तर अहिले के भयो ?१६ अहिले म साँचो कुरा बोलेर के तिमीहरूको शत्रु भएँ ? १७ अरू मानिसहरूले पनि तिमीहरूमा ठूलो चासो देखाउँदछन्। तर राम्रो चिताएर त होइन। उनीहरू मबाट तिमीहरूलाई फुट गराएर आफैंतिर तान्न चाहन्छन्। 18म तिमीहरूसँग हुँदा मात्र होइन नहुँदा पनि सधैं राम्रो कुरामा जोशिलै हुनु असल हो। 19मेरा बालकहरू, तिमीहरूमा ख्रीष्टको स्वभाव नबनिएसम्म व्यथा लागेकी सुत्केरीजस्तै दुःख मलाई लागिरहन्छ। 20अहिले नै म त्यहाँ भए मैले यसरी कुरा गर्नुपर्ने थिएन। तर टाढाबाट मैले के गर्ने? म अन्योलमा परेको छु। "**

पावलको मन कत्तिको भारी भइरहेको रहेछ भनेर निजीरूपमा चिन्ता व्यक्त गर्दै पद १२मा उनले ती विश्वासीहरूलाई हार्दिक अपिल गरेको पहिलो यस्तो उदाहरण हो। गलातीहरूलाई आफू जस्तो हुन आग्रह गरेको लगत्तै उनले आफ्नो चासो व्यक्त गरेका थिए। ग्रीक भाषामा उनले प्रयोग गरेको शब्द डियोमेआई deomai हो। यसको अनुवाद कतिपयले ठीकसँग गरेको पाइन्दैन। यसको अर्थ "जोडसँग आग्रह गर्नु "वा "विन्तिभाउ गर्नु वा अनुनय बिन्ति गर्नु "भनेर अनुवाद गर्न सकिन्छ। तर ग्रीक भाषामा अझ कडा अर्थ लाग्छ २ कोरन्थी ५:२० ,२ कोरन्थी ८:४ ,र २ कोरन्थी १०:२ पढ्नुहोस। पावलको मनलाई बुझ्ने हो भने उनले यो भन्न खोजिरहेको हामी पाउँछौं , "तिमीहरू पनि म जस्तो हुन हार्दिक माग गर्दैछु। "

केवल धार्मिक शिक्षादीक्षा वा शैद्धान्तिक मतहरूमा मात्र पावलको चासो थिएन। उनको सेवाकार्यले गर्दा जुन मानिसहरू ख्रीष्टमा विश्वास गरेका थिए , त्यही मानिसहरूको जीवनसँग पावलको हृदय बाँधिएको थियो। ती मानिसहरूको बीचमा आफूलाई केवल मित्र वा बाइबल सिकाउने शिक्षक मात्र भनेर चिनाउन उनले चाहेका थिएनन्। उनीहरूको निम्ति उनी आत्मिक पुर्खा वा गुरूबा थिए। ती गलातीका विश्वासीहरू उनका आत्मिक सन्तान थिए। त्यत्तिमात्र नभएर गलातीको बिश्वासीहरूप्रति उनको त्यहि चिन्ता थियो जसरी सुत्केरी व्यथा लागेको आमालाई आफ्नो जन्मिने बच्चाको निम्ति हुन्छ )गलाती ४:१९(। जब उनले बिगतमा तिनीहरूको चर्च सुरु गरेका थिए ,त्यसबेला स्वस्थ गर्भवतीले जस्तै उनले सुरक्षित रूपमा बच्चा जन्माएको जस्तो अनुभव भएको उनले ठानेका थिए। तर गलातीका विश्वासीहरू सत्यबाट बीचलित भए अर्थात् बाटो बिराएर यताउति जान थाले। त्यसकारण फेरि उनीहरू स्वस्थरूपमा जन्मिनको निम्ति आफूलाई सुत्केरी व्यथा लागेको जस्तो अनुभव भइरहेको पावलले महसुस गर्नु परेको गुनासो तिनीहरूलाई पोखिइरहेका थिए। यसको अर्थ तिनीहरूको आत्मिक स्वास्थ्य असल र सुरक्षित होउन् भन्ने उनको चाहना थियो।

**पावलले गलाती ४:१९मा यो पिडा यसरी पोखाउँछन् ,“मेरा साना बालकहरू हो ,ख्रीष्ट तिमीहरूमा नबनिनुभएसम्म म फेरि प्रसव वेदनामा छु। " आफ्नो यो कष्ट पोखाउँदा पावलको लक्ष्य गलातीहरूको निम्ति के थियो ?उनले तिनीहरूको निम्ति गरेको अथक प्रयासको परिणाम उनीहरूबाट तिनले के चाहेका थिए?**

गलातीहरूलाई आफ्नो कोखमा बोकेर तिनीहरूलाई येशूको आकार बनाएका थिए भनेर पावलले पहिलो वयान गरेको पाउँछौं। अब ती गलातीहरू आफै पनि आफू जस्तै आमा भएको उनले अपेक्षा गरेका थिए। ती गलातीहरू आफ्नो कोखमा कसरी हुर्कियो भनेर शब्दचित्रद्वारा पावलले उनीहरूलाई बुझाउन खोजेको थियो। उनले प्रयोग गरेको शब्द आमाको कोखमा भ्रुण कसरी हुर्किरहेको छ भनेर चिकित्सकले बुझाउने खालको नै थियो। एक इसाई भएर चर्चमा समावेश हुनु भनेको व्यक्तिगतरूपमा र सामुहिक रूपमा के हो भनेर पावलले त्यस उदाहरणद्वारा हामीलाई बुझाउन खोजेको पाउँछौं। येशूको पछि लाग्नु भनेको केवल मुखलेमात्र घोषणा गर्ने होइन )वा जय मसीह भनेर आफू क्रिश्चियन हुँ भनेर देखाउन खोज्ने(। त्यस व्यक्तिको जीवनमा ठूलो आमूल परिवर्तन भएर उनी येशू जस्तै हुनुपर्दछ। इसाई जीवनमा येशूको नीति समावेश हुनुपर्दछ। गलातीका इसाई विश्वासीहरूमा “केवल साना साना नगन्य परिवर्तन मात्र भएको पावलले हेर्न चाहेका थिएन। बरू तिनीहरूको

परिवर्तन यस्तो महान् होस् कि तिनीहरूको स्वभाव वा चरित्र येशू जस्तै भएको हुन पुगोस् जसले गर्दा मानिसहरूले तिनीहरूलाई देख्दा तिनीहरू होइन येशूलाई नै देखेको अनुभव गर्न सकेको हुन्छ। -"लियोन मोरीस ,गलेशियनस् )डाउनरस् ग्रोभ ,इलिन्वास् :इन्तरभर्सिटी प्रेस ,१९९६(, पृ. १४२बाट रूपान्तरित।

**तपाईंको जीवनमा येशूको चरित्र कुन कुन तरिकाबाट झल्किरहेको छ ? तपाईंको इसाई स्वभाव कुन पक्षहरूमा अझ कत्तिको बिकसित हुनु जरुरी छ ?**

## २. येशूको अनुकरणीय उदाहरण बन्न चुनौति

**"दाजुभाइहरू, म बिन्ती गर्दछु, तिमीहरू पनि मजस्तै होइदेओ किनभने म पनि त तिमीहरूजस्तै भइदिएको छु। "भनेर गलाती ४:१२मा पावलले आफ्ना विश्वासीहरूलाई गरेको अनुरोध देहायका पदहरूले पनि कसरी प्रतिविम्बित गर्दछन् ?हेर्नुहोस् र साथै पावललको मर्मलाई हामीले कसरी बुझ्न सक्षम् हुने ?१ कोरन्थी ११:१ "म ख्रीष्टले गरेझैं गर्छु, तिमीहरूले पनि मैले गरेझैं गर।", फिलिप्पी ३:१७ "ए मेरा दाजुभाइहरू, तिमीहरूले पनि मैले जस्तै गर। हामी तिमीहरूका लागि राम्रो नमुना भएका छौं। यसैले यही नमुनाअनुसार चल्नेहरूलाई नै तिमीहरूले पछ्याओ।", २ थेस्सोलोनी ३:६-१० "६ दाजुभाइहरू, प्रभु येशू ख्रीष्टमा हामी तिमीहरूलाई आज्ञा दिन्छौं। हामीले दिएको शिक्षा नमान्ने र अल्छी गर्नेहरूदेखि टाढा बस। 7तिमीहरूसँग रहँदा हामी अल्छी भएर बसेनौं। हामीहरूले गरेजस्तै गर्नुपर्दछ भन्ने कुरा त तिमीहरूलाई थाहा छ। 8तिमीहरूलाई भार नहोस् भनेर हामीले रातदिन मरिमेटेर काम गऱ्यौं। पैसा नतिरी हामीले कसैकहाँ खाँदा पनि खाएनौं। 9तिमीहरूले नै हाम्रो खर्च ब्यहोर्नुपर्छ भन्ने हामीलाई हक नभएर होइन तर तिमीहरूका नमुना हुन यसो गऱ्यौं। 10काम नगर्नेहरूलाई खान पनि नदिनू भनेर हामीले तिमीहरूसँग हुँदै भनेका थियौं। "र प्रेरित २६:२४-२९ "२४ पावलले भनेको यी कुरा सुनेर फेस्तसले कराएर भने, "पावल तिमी बौलाएछौ, तिम्रो ज्ञानले तिमीलाई बौलाहा बनायो।" 25पावलले भने, "माननीय फेस्तस, म बौलाएको होइनँ, म सद्धे छु र सत्य कुराहरू गर्दै छु। 26राजा अग्रिपासलाई यी सबै कुरा थाहा छ, उहाँलाई म यी कुराहरू साहससँग भन्न सक्छु। उहाँले अवश्य यी कुराहरूमा राम्ररी ध्यान दिनुभएको छ किनभने यी कुराहरू एक कुनामा घटेका होइनन्। 27हे राजा अग्रिपास, के हजुरले अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ ?हो, हजुरले विश्वास गर्नुहुन्छ भन्ने कुरा मलाई थाहा छ।" 28त्यत्तिकैमा अग्रिपासले पावललाई भने, "यति थोरै कुरोले के तिमी मलाई ख्रीष्टियान बनाउने कोसिस गर्छौ?" 29पावलले भने, "थोरै कुराले होस् या धेरैले, यी मेरा हातमा लगाइएका**

**साङ्लाहरू बाहेक, हजुर मात्रै होइन, तर हजुरहरू सबै मजस्तै भइदिए हुन्थ्यो। यही म परमेश्वरसँग प्रार्थना गर्छु।"**

पावलले आफ्ना पत्रहरूमा धेरै पल्ट येशूभक्तहरूलाई उनको इसाई चरित्रको अनुसरण गर भनेर उत्साहित बनाएको पाउँछौं। विश्वासीहरूले कस्तो असल उदाहरणको अनुसरण गर्नुपर्छ भनेर देखाउन प्रत्येक परिस्थितिमा आफूलाई नै त्यस उदाहरणको आधिकारिक नमूना भएर देखाएको पाइन्छ। अरूलाई बोझ नदिइ आफ्नै हातले काम गरेर आफ्नो जीवन धान्नुपर्छ भनेर थेस्सोलोनिकाका विश्वासीहरूलाई उनले आह्वान गर्दछन् र आफै त्यसको उदाहरण कसरी भएर देखाइरहेका थिए भनेर २ थेस्सोलोनी ३:७-९ले देखाउँदछ। अरूको हितलाई प्राथमिकता दिनुपर्दछ र त्यसको उदाहरण आफू कसरी भएको छ भनेर देखाउँदै कोरन्थीका विश्वासीहरूलाई १ कोरन्थी ११:१मा उनले आह्वान गर्दछन्। तर गलातीका विश्वासीहरूलाई आफ्नो चिन्ता वेग्लै ढँगले प्रस्तुत गरेको पाउँछौं।

गलाती ४:१२मा गलातीहरूलाई उनको उदाहरणको अनुसरण गर्नु भनिएको छैन बरू तिनीहरू उनी जस्तो होउन् भनेर आग्रह गर्दछ। देखावटीपनामा होइन ,उनी नै हुनु भनेर पावलले चर्चा गरिरहेको देखिन्छ। किन त ?किन आफू जस्तो अरूहरू पनि उत्पादित होस् भनेर पावलले चाहना व्यक्त गर्दछन् ?गलातीका विश्वासीहरूको जीवन कोरन्थी चर्चको जस्तो अधर्मी वा अनैतिक त थिएन। जुन विषयवस्तु गलातीका विश्वासीहरूलाई सम्वोधन गरिएको छ त्यो विषयवस्तु इसाई धर्मदर्शनको मूल जरा हो। चरित्रमा सुधार गर्नु भन्दापनि चरित्रवान तथा इसाई आदर्श व्यक्ति हुनु भन्ने उनको धारणा छ। मैले जस्तो गर भनेर पावलले भनिरहेको छैन ,तर म जस्तो छु तिमीहरू पनि त्यस्तै वा त्यहि होऊ भनेर पावलको भनाइ थियो। प्रेरित २६:२९मा राजा अग्रीपा  दुईलाई गरेको आग्रहमा त्यहि शब्दहरू पावलले प्रयोग गर्दछन् जुन गलाती ४:१२मा गरेका थिए। पावललाई शाही दरवारमा गन्यमान्य व्यक्तिहरूको सामु मुद्दाको सुनाइको निम्ति हेरोद अग्रीपाको सामु बोलाइएको थियो। आफ्नो जिकिर सुनीरहेको गन्यमान्य व्यक्तित्वहरूलाई पावलले आग्रह गर्दछन् ,“तपाइँ र मलाई सुनिरहनुहुने सबैको निम्ति म परमेश्वरलाई प्रार्थना गर्दछु। तपाइँहरू सबै म जस्तै होउन् भनेर म प्रार्थना गर्दछु ,केवल यी सिक्रिहरूबिना (रूपान्तरित)। पावलले आफ्नो इसाई अनुभवको गवाही दिइरहेको थियो। इसाई जीवनको जगको भरोसा केवल ख्रीष्टमा मात्रै छ। ख्रीष्टले उनको निम्ति के गर्नुभयो त्यसमा उनको विश्वास थियो तर उनले यहूदी धर्मको व्यवस्थाहरूलाई पालन गरेर होइन। गलातीका विश्वासीहरूले

येशूभक्त भएर उहाँसँग चिनारी भएर चल्नुभन्दा पनि आफ्नो आनिवानीमा बढि प्राथमिकता दिइरहेको थियो।

तर आफू जस्तो कस्तो हुनु भनेर पावलले प्रत्येक परिस्थितिलाई खुलासा गर्दै अनुरोध गरेको हामी पाउँदैनौं। तर येशूभन्दा पनि धार्मिक रितिथिति वा व्यवस्था वा संस्कारमा केन्द्रिभूत भएका गलातीहरूप्रति पावल चिन्तित थिए। येशू ख्रीष्टमा आफूले पाएको प्रेम ,आनन्द ,स्वतन्त्रता र मुक्ति अत्यन्त सार्थक छन् तर अरू सबै निरर्थक छन् भन्ने कुराको ख्याल राखेर नै गलातीहरूलाई उनी जस्तो होओस् भनेर अनुरोध गरेका थिए। उनको भनाईमा येशू र उहाँको ज्ञानबाहेक अरू सबै नास हुने फोहर जस्तै छ )फिलिप्पी ३:५-९ (र अरूको आत्मिक जीवनमा भर नपरी गलातीहरू आफै पावलको जस्तै आत्मिक अनुभव प्राप्त गर्न सकुन् भन्ने उनको चाहना थियो।

**के तपाईंको जीवनमा येशूबाहेक कोहि यस्तो व्यक्ति छन् जो तपाईंको निम्ति असल उदाहरण बनेको छ ?यदि छ भने त्यस व्यक्तिका के गुणहरू छन् तपाईंले औधि मनपराउनुहुन्छ ?ती गुण वा स्वभावहरूको अनुसरण के तपाईंले गर्न सक्नुहुन्छ?**

## ३. तिमीहरू जस्तै म भएँ

**गलाती ४:१२मा उल्लेखित ""दाजुभाइहरू, म बिन्ती गर्दछु, तिमीहरू पनि मजस्तै होइदेओ किनभने म पनि त तिमीहरूजस्तै भइदिएको छु "पदको अन्तिम भागलाई स्पष्टसँग बुझ्न १ कोरन्थी ९:१९-२६मा पावलले औंल्याएको कुराले कसरी मद्दत गर्दछ ?हेर्नुहोस ती पदहरू र अरू :" 19 म कसैको कमारो होइनँ, तैपनि धेरैलाई ख्रीष्टमा विश्वास गराउन म सबैको कमारोझैं भएको छु। 20यहूदीहरूका माझमा काम गर्दा उनीहरूले ख्रीष्टमा विश्वास गरून् भनेर म यहूदीजस्तै भएँ। मोशाले दिएका व्यवस्था मान्नेहरूका माझमा उनीहरूले ख्रीष्टमा विश्वास गरून् भनेर मैले पनि त्यही व्यवस्था मानें। 21व्यवस्था नहुने अरू जातिका मानिसका माझमा काम गर्दा उनीहरूले ख्रीष्टमा विश्वास गरून् भनेर व्यवस्था नहुनेजस्तो भएँ। यसको मतलब परमेश्वरको व्यवस्था म मान्दिनँ भनेको होइनँ, तर म त ख्रीष्टको व्यवस्था मान्दछु। 22कमजोरहरूका माझमा काम गर्दा उनीहरूले ख्रीष्टमा विश्वास गरून् भनेर म कमजोर भएँ। यसरी म सबै मानिसको माझमा हरतरहले सबैले ख्रीष्टमा जीवन पाऊन् भनेर सबै थोक भएँ। 23सुसमाचारको खातिर नै म यी सब गर्दै छु र यसबाट पाउने आशीर्वाद पनि म पाउँछु भनी आशा राख्छु। 24साँच्चै तिमीहरूलाई थाहा छ। दौडमा सबै दौडन्छन्, तर पहिलो पुरस्कार पाउने एउटै हुन्छ। त्यसै गरी तिमीहरू पनि पुरस्कार पाइछाड्छु भनी दौड। 25दौडमा भाग लिनेहरू जिउ**

सधाउन सबै किसिमले अभ्यास गर्छन्। तिनीहरूले त ओइलाएर जाने माला
पाउन त्यसो गर्छन्, तर हामीचाहिँ सधैंभरि रहने मुकुटको लागि गर्छौं। 26
त्यसैले त म निशाना ताकेर दगुर्छु। म हावामा मुक्का हान्दिनँ। 27तर म
मेरो शरीरलाई क्रूसमा राखेर तह लगाउँछु, नत्रता अरूलाई प्रचार गर्दा आफैंचाहिँ
अयोग्य ठहरिन्छु।", प्रेरित १७:१६-३४ "१६ पावल एथेन्स सहरमा सिलास र
तिमोथीलाई पर्खिरहेको बेला त्यो सहर मूर्तिपूजाले भरिएको देखेर उनलाई साह्रै
दुःख लाग्यो। 17उनी यहूदीहरूको सभाघरमा गएर यहूदी र परमेश्वरको भक्ति
गर्ने ग्रीक जातिका मानिसहरूसँग येशूको बारेमा बहस गर्थे। त्यसै गरी दिनदिनै
सहरको मुख्य बजारमा आउने जाने मानिसहरूसँग पनि उनले निकै बहस गरे।
18केही इपिक्युरी र स्तोइकी भन्ने दर्शनका केही पण्डितहरूले पनि पावलसँग
तर्कवितर्क गर्न थाले। तिनीहरूमध्ये कतिले भने, "यो फत्फते के भन्छ? कतिले
चाहिँ , "यसले त नौलो देवताहरूको प्रचार गर्दै रहेछ" ! भने। पावलले येशूको
बारेमा र उहाँ मरेकोबाट बिउँतनुभएको सन्देश प्रचार गरेका हुनाले तिनीहरूले
यसो भने। 19त्यसो हुँदा तिनीहरूले पावललाई अरियोपागसको सभामा लगेर
भने, "तपाईंले प्रचार गर्नुभएको यो नयाँ शिक्षाको बारेमा हामीलाई जान्ने इच्छा
छ। 20त्यो हाम्रो लागि एकदमै नयाँ छ र तपाईंले भन्न खोज्नुभएको खास
कुरा के हो, त्यो हामी बुझ्न चाहन्छौं।" 21किनभने एथेन्सका मानिसहरू र
त्यहाँ बस्ने विदेशीहरूले नौला-नौला कुराहरू मात्र गरेर दिनहरू बिताउँथे। 22
पावलले अरियोपागस भन्ने सभाको अगाडि उभिएर भने, "हे एथेन्स सहरका
बासिन्दाहरू हो, हजुरहरू असाध्यै धर्मप्रेमी हुनुहुँदोरहेछ। 23यस सहरमा घुम्दा
मैले हजुरहरूको पूजा गर्ने ठाउँहरू पनि हेरें। एक ठाउँको बलि चढाउने वेदीमा
"नचिनेको ईश्वरलाई" भनी लेखिएको रहेछ। तपाईंहरूले नचिनीकनै पूजा
गर्नुभएको उही परमेश्वरलाई म अहिले प्रचार गर्दै छु। 24संसार र यसमा
भएका सबै थोक सृष्टि गर्नुहुने परमेश्वर नै स्वर्ग र पृथ्वीका मालिक हुनुहुन्छ।
उहाँ मानिसहरूले बनाएको मन्दिरमा बास गर्नुहुन्न। 25उहाँलाई मानिसहरूले
चढाएको कुनै चीजको खाँचो पर्दैन। बरु उहाँले मानिसहरूलाई जीवन, प्राण र
चाहिने सबै थोक दिनुहुन्छ। 26संसारभरि नै मानिसहरू बसून् भनेर उहाँले
एउटै मानिसबाट सबै जातिहरूलाई सृष्टि गर्नुभयो र तिनीहरूलाई संसारैभरि बस्न
दिनुभयो। तिनीहरूले जिउनुपर्ने समय र बस्नुपर्ने ठाउँ उहाँले अघिबाट नै
तोकिदिनुभएको छ। 27मानिसहरूले उहाँलाई खोज्न र छामछुम गरेर पाउन
सकून् भनेर उहाँले यसो गर्नुभयो। तरै पनि परमेश्वर हामीहरूदेखि टाढा हुनुहुन्न
28किनभने हामी उहाँमै जिउँछौं र उहाँमै चहलपहल गर्छौं। यस बारेमा
तपाईंहरूका एक जना कविले पनि यसरी भनेका छन्, "साँच्चै हामी उहाँकै
सन्तान हौं। "२९ यसरी परमेश्वरका सन्तान भएपछि हामीले परमेश्वरलाई

मानिसको बुद्धि र कलाबाट बनिएका ढुङ्गा, चाँदी र सुनको मूर्तिजस्तो सम्झनुहुँदैन। 30यसकारण अनजानमा हुँदा नजानी गरेका कामलाई परमेश्वरले वास्ता गर्नुभएन। तर अब परमेश्वरले सबै मानिसहरूलाई "आ-आफ्ना पापलाई मानिलिएर छोड्नू" भन्ने आज्ञा दिनुभएको छ 31किनभने संसारका सबै मानिसहरूको न्याय गर्ने दिन उहाँले तोकिसक्नुभएको छ र त्यस दिन उहाँ आफैंले छान्नुभएको व्यक्तिद्वारा न्यायसाथ इन्साफ गर्नुहुनेछ। त्यस व्यक्तिलाई न्याय गर्ने अधिकार छ भन्ने प्रमाण सबै मानिसहरूलाई दिनू भनेर परमेश्वरले उहाँलाई मरेकोबाट बिउँताउनुभयो।" 32मरेकोबाट मानिस बिउँतन्छन् भन्ने सुनेर कति जनाले पावलको हाँसो गरे। तर कसै-कसैले भने, "यसको बारेमा फेरि अर्कोपल्ट पनि हामी सुन्न चाहन्छौं।" 33पावल तिनीहरूसँग बिदा भए।

34केही मानिसहरू उनीसँग लागेर प्रभुमाथि विश्वास गरे। तिनीहरूमध्ये अरियोपागस सभाका डियनुसियस भन्ने सदस्य र दामारिस भन्ने स्त्री थिए। यीबाहेक अरू केहीले पनि प्रभुमा विश्वास गरे। ",१ कोरन्थी ८:१ -१३ “१ अब म मूर्तिलाई चढाएको खानेकुराको बारेमा भन्दछु। साँचो कुरा हो, "हामी सबैले ज्ञान पाएका छौं"। तर ज्ञानको घमण्डले मानिसलाई फुलाउँछ र प्रेमले चाहिँ उन्नति गराउँछ। 2यदि कसैले आफैंलाई म साँच्चै जान्दछु भन्छ भने उसले जान्नुपर्ने कुरा केही जानेको हुँदैन। 3तर कसैले परमेश्वरलाई प्रेम गर्छ भने उसलाई परमेश्वरले आफ्नो बनाउनुहुन्छ। 4मूर्तिलाई चढाएको चीज खानुहुन्छ कि हुँदैन भन्ने बारेमा हामीलाई थाहा छ, संसारमा मूर्ति केही पनि होइन, एउटै मात्र परमेश्वरबाहेक अरू छैन। 5स्वर्ग र पृथ्वीमा धेरै ईश्वर भनाउँदा हुन्छन्। ईश्वर र प्रभु धेरै भए पनि 6हाम्रा लागि चाहिँ एउटै पिता परमेश्वर हुनुहुन्छ। उहाँले नै सबैको सृष्टि गर्नुभयो। उहाँकै लागि हामी जिउँछौं। हाम्रा एउटै प्रभु; येशू ख्रीष्ट हुनुहुन्छ। उहाँद्वारा नै सबै सृष्टि भयो र उहाँद्वारै हामी जिउँछौं। 7तर सबै विश्वासीहरूलाई यो थाहा छैन। तिनीहरूलाई मूर्तिको गहिरो आदत भएकोले अझै पनि त्यस्तो खानेकुरो खाँदा मूर्तिकै खानेकुरो खाँदै छु भन्ठान्छन्। तिनीहरूको राम्रो-नराम्रो छुट्याउने शक्ति कमजोर भएकोले त्यो खानेकुराले "म अशुद्ध भएँ" भनी ठान्छन्। 8खानेकुराले त हामीलाई परमेश्वरकहाँ पुर्‍याउँदैन। नखाँदा पनि हामीलाई केही हानि छैन, खाँदा पनि केही मिल्ने होइन। 9तर होश राख, तिम्रो स्वतन्त्र कामले विश्वासमा कमजोर हुनेहरूलाई पापमा नलडाओस्। 10यदि कमजोर विश्वासीहरूले तिमीहरू जान्ने-बुझ्नेलाई मूर्तिको मन्दिरमा खाइरहेको देख्यो भने ऊ मूर्तिलाई चढाएको प्रसाद खान सुरिँदैन र? 11मन कमजोर हुने त्यो विश्वासी भाइ तिम्रो आफ्नो ज्ञानको कारणले लड्छ। तर उसको लागि पनि प्रभुले प्राण दिनुभएको हो। 12यसरी तिमीहरूले आफ्नो भाइको कमजोर मनमा चोट

**पुऱ्याएर ख्रीष्टको विरूद्धमा नै पाप गर्छौं। 13यदि खानेकुराले मेरो विश्वासी भाइलाई नाश गराउँछ भने म कहिले मासु) मूर्तीलाई चढाएको बस्तु( नै खानेछैनँ। "र गलाती २:११-१४ "११ पत्रुस एन्टिओखिया आएको बेला मैले खुल्लमखुल्ला उनको दोष देखाइदिएँ। उनी दोषी थिए। याकूबले पठाएका मानिस आउनुभन्दा अघि पत्रुसले अरू जातिका विश्वासीहरूसँगै बसेर खाँदै थिए। 12तर तिनीहरू आएपछि भने अरू जातिका विश्वासीहरूबाट छुट्टिएर बसे किनभने अरू जातिका मानिसमा पनि खतना लाउनुपर्छ भन्नेहरूदेखि उनी डराए। 13ती अरू इस्राएली दाजुभाइहरू पनि पत्रुसजस्तै डराए। बारनाबाससमेत तिनीहरूको डरले लरखराए। 14मैले उनीहरूलाई सुसमाचारको सत्यताबाट अलमलिएको देखें र पत्रुसलाई सबैको सामु भने," तपाईं इस्राएली हुनुहुन्छ र पनि तपाईं अरू जातिका मानिसहरूजस्तै हुनुहुन्छ, इस्राएलीजस्तै हुनुहुन्न। कसरी तपाईंले अरू जातिका मानिसहरूलाई चाहिँ इस्राएली चालमा चल्न लाउनुहुन्छ?"**

झट्ट हेर्दा गलाती ४:१२ले हामीलाई अलिकति अन्यौलमा पार्न सक्छ। यदि पावल गलातीहरू जस्तै भइसक्यो भने तिनीहरू पनि पावल जस्तो हुन किन उनले आह्वान गरे त ?

अघिल्लो बुँदामा हेरिसक्यौं कि गलातीहरू पनि पावल जस्तै मुक्तिको निम्ति ख्रीष्टमा पूर्ण विश्वास र भरोसा राखुन् भन्ने उनको चाहना थियो। यथार्थमा पावल यहूदी जातका थिए। तर आफूचाहिँ अन्यजाति गलातीहरू जस्तै भएको छु भनेर दावी गरेका थिए। आफू किन अन्य जाति वा गैर-यहूदीको समूहमा समावेश भयो भने व्यवस्था नपाएका बिदेशीहरूले पनि सुसमाचार सुन्ने अवसर मिलोस भनेर नै आफूलाई ती जातिमा सरिक भएको भनेर पावलले आफ्नो तर्क प्रस्तुत गर्दछन्। गैर-यहूदीहरूको निम्ति महान प्रचारक भएर पावलले दुवै यहूदी र गैर-यहूदीहरूलाई सुसमाचार कसरी प्रचार गर्ने भनेर उनले सिकेका थिए। १ कोरन्थी ९:१९-२३को अनुसार सुसमाचारको सारतत्व बदलिएको थिएन। तर कुन खालका मानिसहरूलाई कसरी सुसमाचार सुनाउन कस्तो खालको बिधि अपनाउनुपर्दछ भन्ने ज्ञानलाई आत्मसात् गर्दै आफ्नो तरिकाहरूमा उनले परिवर्तन गरेका थिए।

"मानिसहरूको संस्कार वा संस्कृति र अनुभवप्रति संवेदनशीलभएर सुसमाचर प्रचार गर्नेमा पावल प्रथम व्यक्तित्व थिए। कुन समूहलाई सुसमाचार सुनाउनुपर्थ्यो त्यो समूहले जानेकैलाई आधार बनाएर उनले सुसमाचार प्रचार गरेका थिए। यस मामिलामा उनी अग्रज भएका थिए।"- तिमोथी जर्ज ,द न्यु अमेरिकन कमेन्टरी :गलेशियनस् )नाशभिल ,टेनस्सी :ब्रडमान एण्ड होलमान पब्लिशर्स, १९९४ पृ. ३१बाट रूपान्तरित।

मानिसहरूको अनुभव र आवश्यकताको आधारमा सुसमाचार प्रचार गरिँदा त्यसको सिमाना कतिसम्म हुनसक्छ भनेर पावलले १ कोरन्थी ९:२१मा गरेको टिप्पणीले गरेको छ। अर्थात सुसमाचारमा कुन हदसम्म अरूको रहनसहनलाई समावेश गर्न सकिन्छ भन्ने कुरा प्रत्येक प्रचारकले ध्यान दिनुपर्दछ। यहूदी र गैर-यहूदीहरूलाई सुसमाचार प्रचार गर्न सबैलाई स्वतन्त्र छ भनेर पावलले भन्दछ। तर स्वतन्त्र भयो भन्दैमा जथाभावी वा अवैध जीवनशैली अपनाउन कुनै पनि येशूभक्तलाई छुट छैन पनि पावलले भन्दछ। यो किनभने ,येशूभक्त अब येशूको व्यवस्था वा कानूनमा रहेको हुन्छ।

मानिसहरूको जीवनशैलीमा ठिक्क हुने गरेर सुसमाचार समावेश गर्नु सधैं सजिलो छैन। "तर सत्यको खिलाफमा सम्झौता नगरि सुसमाचारको मौलिक सत्यमा हामी अडिग रहनु अत्यन्त आवश्यक छ। यस्तो प्रतिवद्धतामा रहन पावलले गरेको सुसमाचारको शैलीलाई हामीले आत्मसात् गरि उनको उदाहरणको अनुसरण गर्नु जरुरी छ।"- तीमोथी जर्ज ,द न्यु अमेरिकन कमेन्टरी :गलेशियनस् )नाशभिल ,टेनस्सी :ब्रडमान एण्ड होलमान पब्लिशर्स् , १९९४( पृ. ३२१ ,२२बाट रूपान्तरित।

**सबैलाई खुशी पार्न चाहनेले सबैसँग सम्झौता गर्दै हिँड्न सजिलो छ , छैन त ?कहिलेकाहिँ जति धेरै पुरानो इसाई भयो त्यत्ति धेरै सजिलोसँग मेलमिलापको लागि इसाई मौलिक सत्यहरूलाई पन्छाउन सजिलो हुनसक्छ। यो किन हुन्छ होला ?तपाईंको हृदयलाई खोतलेर हेर्नुहोस्। तपाईंको जीवनमा कतिसम्म सम्झौता घुस्न सफल भएको ?त्यसको बहाना के के छ त ? परमेश्वरको नाउँलाई सर्वोपरि राख्न यस्तो खालको नीतिबाट कसरी अलग बस्ने ?त्यो नीतिलाई तपाईंले कसरी बदल्नु सक्नुहुन्छ ?वा बदल्न चाहनुहुन्छ त?**

## ४. त्यसबेला र अहिले

सुरूमा पावलको सम्वन्ध गलातीका विश्वासीहरूसँग अत्यन्त मार्मिक, आत्मिक तथा हार्दिक थियो। तर तिनीहरू उनीबाट भडकिएर गएपछि एक आपसको सम्वन्धमा चिसोपना र अपठ्यारो महसुस हुन थालेको थियो। पहिलो पटक गलाती शहरमा पावलले प्रचार गरेको उनले सम्झन्छन्। तिनीहरूले उनलाई अत्यन्त सौहार्द हृदयले सत्कार गरेका थिए। उनीप्रति देखाएको सदभावलाई उनले हृदयदेखि प्रशंसा गरेका थिए। तर अब पछि के भयो त ? त्यो स्वर्गको अनुभव दिने सम्वन्ध किन र कसरी सेलाएर गयो त ?

**केले गर्दा पावलले गलातीमा सुसमाचार प्रचार गर्ने निर्णय गरेका थिए ? हेर्नुहोस् गलाती ४:१३-१५ "१३ तिमीहरूलाई थाहै छ, सबैभन्दा पहिले**

**तिमीहरूकहाँ सुसमाचार सुनाउँदा म बिरामी थिएँ। 14 त्यस बेला मेरो बिमारले तिमीहरूलाई अप्ठ्यारो पारेको थियो र पनि तिमीहरूले मलाई छिःछि ःर दूर-दूर गरेनौ। तर उल्टै तिमीहरूले त परमेश्वरको दूतलाई र ख्रीष्टलाई झैं मलाई स्वागत गऱ्यौ। 15अहो, त्यस बेला तिमीहरू कति खुसी थियौ, सम्भव भए त्यस बेला तिमीहरूले आफ्ना आँखा निकालेर मलाई दिनुपरे पनि दिन तयार थियौ। म यसको साक्षी छु। तर अहिले के भयो?**

गलातीहरूलाई सुसमाचार प्रचार गर्ने उनको सुरूको योजना थिएन भनेर उनले व्यक्त गरेको कुराबाट स्पष्ट देख्दछ। तर सुसमाचार प्रचार गर्न जाने यात्राको दौरानमा उनलाई कुनै खालको बिमारले च्यापेको हुनसक्छ। त्यो बिमारले गर्दा कि त यात्राको सिलसिलामा गलातीमा बस्न वाध्य भएको थियो वा आफ्नो रोगबाट राहत पाउन गलातीमा गएको थियो। उनको रोग ठीक के थियो भनेर हामीलाई थाहा छैन। यो रहस्यमय नै छ। कसैले भन्छ ,शायद उनलाई औलो ज्वरोले च्यापेको हुनुपर्दछ। पावलप्रति अत्यन्त स्नेह देखाएकोले ती गलातीहरूले आफ्नो आँखा पनि उनलाई दिन तयार भएका थिए भनेर आभारी हुँदै उनले भन्दछ। यसले गर्दा उनको आँखाको रोगले च्यापेको थियो भनेर कसै कसैले भन्दछ। हुनसक्छ उनको शरीरमा काँडा बिजेको वा सतावटको कारणले शरीरमा भएको चोटले उनी बिरामी भएका थिए भनेर पनि कसैले तर्क गर्दछन्। किनभने उनी आफैले शरीरमा बिजेको काँडाको बारेमा उल्लेख गरेका थिए (२ कोरन्थी १२:७-९)।

जे भएपनि पावललाई कुन बिमारले कष्ट दिएको थियो भनेर हामीलाई थाहा छैन। तर उनमा भएको बिमार अत्यन्त नरमाइलो थियो जसले गर्दा गलातीका विश्वासीहरूलाई हैरानी भएको थियो। बाइबलको समयमा कोही बिमार हुन्छ भने त्यो परमेश्वरको श्राप भनेर विश्वास गरिन्थ्यो। बिमार परमेश्वरको रिसको प्रतीक थियो र त्यो देखाउन मानिसलाई बिमारी पारेर सजायँ दिएको भनेर मान्दथे (यूहन्ना ९:१,२ ,लूका १३:१-४)। पावलको बिमारले गर्दा ती गलातीहरूलाई उनको सुसमाचार नसुन्ने बहाना बनाउन सजिलो भएको थियो र यस्तो मानिसको कुरा के सुन्ने भनेर उनलाई लत्याउन पनि सक्थे। तर त्यसो नगरि तिनीहरूले दिल खोलेर उनलाई सत्कार गरेका थिए। किन त? भन्दा उनले क्रुसको बारेमा प्रचार गर्दा उनीहरूको हृदय अत्यन्त न्यानो भएको थियो (गलाती ३:१)। अनि पवित्र आत्माको सक्रियतामा तिनीहरूले सुसमाचारलाई ग्रहण गरेका थिए। तर अब समय बितेपछि तिनीहरूमा के भयो त जसले गर्दा तिनीहरूको हृदय चिसोले भरियो वा तिनीहरूको मनस्थिति बदलियो?

परमेश्वरको अनुमतिमा पावलले पाउनपर्ने दुःखको कारण के थियो त ?आफ्नै जीउमा समस्या भोग्दै संघर्ष गरिरहनुपर्ने अवस्थामा पावलले अरूको कसरी सेवा गर्न सक्थ्यो र ?हेर्नुहोस् :रोमी ८:२८ “परमेश्वरलाई प्रेम गर्ने अनि उहाँले आफ्नो इच्छा पूरा गर्न छान्नुभएका प्रत्येक मानिसको निम्ति हरेक घटनाले उसको भलाइ नै गर्छ।", २ कोरन्थी ४:६-१२ “६ "अन्धकारको बीचमा उज्यालो चम्कनेछ" भन्नुहुने परमेश्वरले नै हाम्रो हृदयमा उहाँको उज्यालो चम्काउनुभएको छ। यो उज्यालोबाट परमेश्वरको कत्रो सम्मान् छ, त्यो हामी बुझ्छौं। साँच्चै यो उज्यालो ख्रीष्टको मुहारमै छ। 7यस्तो बहुमूल्य धन हामीजस्तो माटाको भाँडामा राखिएको कारणचाहिँ सबै शक्ति सर्वोच्च परमेश्वरकै हातमा छ भनी देखाउन हो, हामीसँग कुनै शक्ति छैन। 8हामी घरीघरी चारैतिरबाट थिचो-मिचोमा पर्छौं, तर पनि धुलो-पिठो त भएका छैनौं। अन्योलमा परे पनि निराशचाहिँ भएका छैनौं। 9हामीलाई धेरै सताएको भए पनि हामी त्यागिएका छैनौं। हामीले बेसरी चुटाइ खाएर ढले पनि मरेका त छैनौं। 10येशूको जीवन हाम्रा शरीरमा चम्काउन येशूको मृत्यु सधैं हाम्रै शरीरमा बोक्छौं। 11हाम्रो यो मर्ने शरीरमा येशूको जीवन देखा परोस् भनेर नै हामी सधैं उहाँकै निम्ति मृत्युको मुखमा परिरहन्छौं। 12यसरी हामीहरूमा मृत्युले काम गरेको छ, त्यसरी नै तिमीहरूमा चाहिँ जीवनले काम गरिरहेको छ। "र २ कोरन्थी १२:७-१० “७ मैले धेरै अचम्मका थोकहरू देखें भनी घमण्डले फुलिनबाट रोक्न मलाई शरीरमा काँडाले घोच्ने एउटा पीडा दिइयो। यसले शैतानको दूतझैं भएर चस-चस बिझाई मलाई घमण्ड गर्नबाट रोक्छ। 8मैले प्रभुसँग तीन पटकसम्म यसलाई निको पारिदिनुहोस् भनेर बिन्ती चढाएँ। 9तर उहाँले भन्नुभयो, "तिमीलाई मेरो अनुग्रह भए पुग्छ। मेरो शक्ति कमजोरीमा पूरा हुन्छ।" त्यसो हुँदा ख्रीष्टको शक्ति ममा रहोस् भनेर कमजोर भएकोमा झन् धेरै खुसीले म गौरव गर्दछु। 10 त्यसैले ख्रीष्टको लागि म कमजोरी हुँदा, हेला गरिंदा, अप्ठ्यारोमा पर्दा, सताइँदा, दुःख पाउँदा खुसी हुन्छु किनभने जब म कमजोर छु, तब म शक्तिशाली हुन्छु। "

हो ,पावलको शारीरिक समस्या के थियो ,सो हामीलाई थाहा छैन। तर जे भएपनि त्यो समस्या गम्भीर थियो। आफ्नो समस्याको लागि उनले सजिलैसँग परमेश्वरलाई दोष दिन सक्थ्यो र सुसमाचारको प्रचार गर्ने काम उनले त्यागिदिनसक्थ्यो। तर पावलले ती दुवै कुरा अपनाएनन्। बरू आफ्नो दुःखको परिस्थितिलाई परमेश्वरको निम्ति अवसरको रूपमा उनले लियो। यस कष्टले गर्दा परमेश्वरको अनुग्रहमा पूरा भरपर्न उनलाई मौका मिलेको थियो। “सुसमाचारलाई द्रुतगतिमा अघि सार्न परमेश्वरले समय समयमा मानिसहरूको जीवनमा विभिन्न कष्ट आउन दिएर तिनीहरूलाई प्रयोग गर्नुभएको थियो।

बिमार ,सतावट ,गरिबी र दैवीप्रकोपहरू पनि परमेश्वरको अनुग्रह र दया देखाउने माध्यम हुन गएको पाइन्छ। "-तिमोथी जर्ज ,द न्यु अमेरिकन कमेन्टरी :गलेशियनस् पृ. ३२३ ,२४बाट रूपान्तरित।

**तपाईंले भोग्नु परेको दुःख ,कष्ट आदिले कसरी परमेश्वरमा भर पर्ने गराउँछ ?(त्यसको बिकल्प अरू छ त?)**

## ५. सत्य बोल्ने प्रतिवद्धता

**सत्य कुरा वा जे सही छ त्यही भनेकोले के म तिमीहरूको शत्रु हुनगएको छु र?" भनेर मार्मिक वचन गलाती ४:१६ पावलले भनेकोमा त्यहाँ के प्रभावकारी कुरा लुकेको छ ?के तपाईंको जीवनमा पनि यस्तै अनुभवहरू भोग्नुभएकोछ ?(हेर्नुहोस् :यूहन्ना ३:१०-२१ "१० )यहूदी धर्मगुरू निकोदिमसलाई सम्बोधन गर्दै (येशूले भन्नुभयो, "तिमी त इस्राएलीहरूका ठूला गुरु हौ र पनि यी कुरा बुझ्दैनौ? 11साँच्चै म तिमीलाई भन्छु, हामीले जानेका कुराको बारेमा बोल्छौं र आफूले देखेका कुरा नै सुनाउँछौं। तर तिमीहरूले चाहिँ हामीले भनेका कुराहरू पत्याउँदैनौ। 12मैले यही संसारमा भएको कुराको बारेमा बोल्दा त तिमीहरूले पत्याउँदैनौ भने झन् स्वर्गको बारेमा बोलें भने त कसरी पत्याउन सक्छौ र? 13स्वर्गबाट आउने मानव पुत्रबाहेक अरू कोही पनि स्वर्गमा गएको छैन। 14इस्राएलीहरू उजाड-स्थानमा हुँदा मोशाले पितलको सर्प बनाएर काठमा उचालेर राखेजस्तै मानव पुत्र पनि उचालिनुपर्छ। 15यसरी उहाँमाथि विश्वास गर्ने सबैले अनन्तजीवन पाउनेछन्।" 16किनभने परमेश्वरले संसारलाई यति धैरै प्रेम गर्नुभयो, उहाँले आफ्नो एक मात्र पुत्र पनि दिनुभयो। परमेश्वरको पुत्रमाथि विश्वास गर्ने कोही पनि नाश हुनेछैनन्, तर तिनीहरूले अनन्त जीवन पाउनेछन्। 17परमेश्वरले त आफ्नो एक मात्र पुत्रलाई संसारका मानिसहरूलाई दोषी ठहराउन होइन, तर तिनीहरूलाई बचाउन पठाउनुभएको हो। 18अब परमेश्वरको एक मात्र पुत्रमाथि विश्वास गर्ने कोही पनि दोषी ठहरिनेछैन, तर उहाँमाथि विश्वास नगर्ने जतिचाहिँ दोषी ठहरिसकेका छन् किनभने तिनीहरूले परमेश्वरको एक मात्र पुत्रलाई विश्वास गरेका छैनन्। 19*दोष यसरी लाग्छ, उज्यालोचाहिँ संसारमा आएको छ अनि मानिसहरूका काम दुष्ट भएको हुनाले तिनीहरूले उज्यालोलाई भन्दा अँध्यारोलाई मन पराउँछन्* 20किनभने दुष्ट काम गर्ने सबैले उज्यालोलाई घृणा गर्छन्। उज्यालोमा तिनीहरूले गरेका कामहरू देखिन्छन् भन्ने डरले तिनीहरू उज्यालोमा आउँदैनन्। 21तर सत्य कुरा मान्ने मानिसचाहिँ उज्यालोमा आउँछ र यसरी उसको काम परमेश्वरमा गरिएको हो भन्ने कुरा छर्लङ्ग देखिन्छ।", मत्ती २६:६२-६८ "६२ अनि प्रधान पूजाहारीले उठेर येशूलाई सोधे, "ए, किन जवाफ**

दिँदैनस्? तेरो विरोधमा यिनीहरूले दिएको साक्षीको बारेमा तँलाई केही भन्नु
छैन ?" 63तर येशू चुपै लाग्नुभयो। फेरि प्रधान पूजाहारीले भने, "जिउँदो
परमेश्वरको नाउँमा शपथ हालेर भन्, के तँ परमेश्वरको पुत्र ख्रीष्ट होस् त? 64
येशूले जवाफ दिएर भन्नुभयो, "त्यो त तपाईं आफैंले नै भन्दै हुनुहुन्छ अनि म
तपाईंहरूलाई भन्छु, अबदेखि उसो तपाईंहरूले मानव पुत्रलाई सर्वशक्तिमान्
परमेश्वरको दाहिनेपट्टि सिंहासनमा बसिरहेको अनि स्वर्गबाट बादलमा
आउँदैगरेको देख्नुहुनेछ।" 65यो सुनेर प्रधान पूजाहारीले विरक्त भएर आफ्नो
लुगा च्यात्दै भने, "लौ हेर, यसले परमेश्वरको निन्दा गरेको तिमीहरूले
सुनिहाल्यौ, अब हामीलाई अरू के प्रमाण चाहियो र?६६ लौ भन, तिमीहरूको के
विचार छ? "यो अपराधी हो, यसले ज्यान सजाय पाउनैपर्छ," भन्दै 67
तिनीहरूले येशूको मुखमा थुके, चुटे अनि कति जनाले उहाँलाई थप्पड लाउँदै
भने, 68 "लौ भन् त, तँ मुक्ति दिने राजा ख्रीष्ट र अगमवक्तालाई कसले पिट्यो?"
र यर्मिया ३६:११-२६ “११ शापानका नाति गमर्याहका छोरा मीकायाले
बारूकले बेह्रेको कागजको मुट्ठोबाट पढेका परमप्रभुको वचन सुने। 12
त्यसपछि तिनी राजदरबारमा दरबारिया सचिवको कोठामा गए। त्यहाँ सबै राज-
भारदारहरू सभामा बसेका थिए। दरबारिया सचिव एलीशामा, शमायाहका छोरा
दलायाह, अक्बोरका छोरा एल्नातान, शापानका छोरा गमर्याह, हनन्याहका छोरा
सिदकियाह र अरू सबै भारदारहरू त्यहीं थिए। 13बारूकले मानिसहरूलाई
पढेर सुनाएका र आफूले सुनेका सबै कुराहरू मीकायाले तिनीहरूलाई भनिदिए।
14तब राज-भारदारहरूले बारूकलाई तिनले मानिसहरूलाई पढेर सुनाएका
कागजको मुट्ठो लिएर उनीहरूकहाँ आओस् भनी खबर गर्न यहूदीलाई पठाए।
)यहूदीचाहिँ नतन्याहका छोरा शेलेम्याहको नाति र कूशीका पनाति थिए। (
बारूक कागजको मुट्ठो लिई आए। 15तिनीहरूले उनलाई भने, "बस र
कागजको मुट्ठो हामीलाई पढी सुनाऊ।" बारूकले भनेअनुसार गरे। 16उनले
त्यो पढिसकेपछि तिनीहरू डराएर एक-अर्कालाई हेर्न गर्न थाले र बारूकलाई
भने, "यो कुरो हामीले राजालाई सुनाउनैपर्छ।" 17तिनीहरूले उनलाई सोधे, "यी
सबै तिमीले कसरी लेख्यौ ?अहिले हामीलाई भन। के यो तिमीलाई यर्मियाले
लेखाएका हुन्? 18बारूकले जवाफ दिए, "एक-एक शब्द यर्मियाले भनेका हुन् र
मैले यो कागजको मुट्ठोमा मसीले लेखेको हुँ।" 19तब तिनीहरूले उनलाई भने,
"तिमी र यर्मिया दुवै गएर लुक। तिमीहरू कहाँ छौ, कसैले पनि थाहा
नपाओस्।" 20राज-भारदारहरूले कागजको बेह्रेको मुट्ठो दरबारिया सचिव
एलीशामाको कोठामा राखे र राज-महलको चोकमा गई तिनीहरूले सबै कुरा
राजालाई सुनाए। 21तब राजाले त्यो कागजको मुट्ठो ल्याउन यहूदीलाई
पठाए। उनले त्यो एलीशामाको कोठाबाट ल्याए र राजा र तिनका चारैतिर

**खडा रहेका राज-भारदारहरूलाई पढेर सुनाए। 22त्यो जाडोको समय थियो र राजा आफ्नो हिउँदको महलमा आगो बालेर बसेका थिए। 23यहूदीले तीन चार पङ्क्ति पढिसकेका मात्र थिए, राजाले कागजको मुट्ठोबाट पढिसकेको भाग एउटा सानो चक्कुले काटेर आगोमा फालिदिए। सम्पूर्ण कागजको मुट्ठो भस्म नभएसम्म तिनले त्यसै गरिरहे। 24तर त्यहाँ लेखिएका कुरा सुनेर राजा र ती भारदारहरू नत डराए नत अफसोस गर्दै आ-आफ्ना लुगा च्याते। 25 एल्नातान, दलायाह र गमर्याहले राजालाई कागजको मुट्ठो नजलाउने अनुरोध गरेका थिए, तर उनले तिनीहरूका कुरामा केही ध्यानै दिएनन्। 26त्यसपछि राजाले यरहमेल राजकुमारलाई अज्रीएलका छोरा सरायाह र अबदीलका छोरा शेलेम्याहलाई लिएर म र मेरो सचिव बारूकलाई पक्रने हुकुम गरे। तर परमप्रभुले हामीहरूलाई लुकाउनुभएको थियो। "**

हाम्रो समयकालमा “सत्य वा सही बोल्नु "भनेको प्रायजसो नकारात्मक रूपमा लिइन्छ। बिशेष गरेर मानिसको हृदय खोतल्ने “तीतो सत्य "भनेर चिनिन्छ। सत्य कुरा बोल्दा शत्रुहरूको हृदयमा चोट पनि पर्न सक्दछ। प्रायजसो तथ्य वा सत्य कुरा जत्तिसुकै अप्रिय वा चाहना नगरेको भएतापनि त्यसलाई बोल्नु बाध्य हुनसक्दछ। पावल मायालु तरिकाले गलातीका विश्वासीहरूलाई तिनीहरूप्रति चिन्तित भएका थिए भनेर गलाती ४:१२-२० र गलाती ६:९,१०मा उल्लेख गरेका थिए। यदि त्यसरी उनले नबोलेको भए , पावल केवल सुसमाचारमात्र प्रचार गर्न चासो लिएको रहेछ तिनीहरूलाई मायाचाहिँ नगर्ने रहेछ भनेर मानिसहरूले भन्न सक्दछन्। गलातीहरूले सुसमाचारको सत्यता थाहा पाओस् भनेर पावलले प्रतिवद्धता जनाएका थिए भनेर गलाती २:५,१४मा उल्लेख गरिएकोछ। सुसमाचार प्रचारमात्र होइन ती गलातीहरूप्रति उनको माया कस्तो थियो भनेर ती पदहरूले देखाउँदछ। कसैले गालि गरेमा वा सजायँ दिएमा पिडादायी नहुने को होला ?(आमाबाबुले आफ्ना छोराछोरीलाई सम्झाउँछन् ,गाली गर्छन् र सजायँ दिन्छन्। त्यो तिनीहरूकै हितको लागि हो। आमाबाबुले माया गरेकै कारणले छोराछोरीहरूले कहिलेकाहिँ गाली खप्नु पर्दछ(। हामीले कसैलाई सम्झाउँछौं वा गाली नै गर्छौं भनेपनि त्यस व्यक्तिको भलाईको निम्ति गर्दछौं किनभने उसप्रति हामी चासो राख्दछौं। त्यस व्यक्तिले हामीप्रति रिस देखाएतापनि वा उसको मनमा चोट परेतापनि जेसुकै होस् भन्ने नियतले उसलाई सम्झाउँदैनौं। त्यस व्यक्तिकै हितलाई नै ध्यानमा राखेर सत्य कुरा बोल्नु जरुरी छ भनेर हामी सुनाउँछौं।

**पावलसँग असहमत हुनेहरू वा उनको खिलाफमा बोल्नेहरूको बारेमा पावलले गलाती ४:१२-२० मा के भनिरहेका छन् ?ती मानिसहरूमा भएको सुसमाचारको ज्ञानलाई मात्र नभएर अरू कुन कुराको विषयमा पावलले चुनौति**

दिइरहेका छन् ?हेर्नुहोस् :“ **12दाजुभाइहरू, म बिन्ती गर्दछु, तिमीहरू पनि मजस्तै होइदेओ किनभने म पनि त तिमीहरूजस्तै भइदिएको छु। तिमीहरूले मलाई केही नराम्रो गरेका छैनौ। 13तिमीहरूलाई थाहै छ, सबैभन्दा पहिले तिमीहरूकहाँ सुसमाचार सुनाउँदा म बिरामी थिएँ। 14त्यस बेला मेरो बिमारले तिमीहरूलाई अप्ठ्यारो पारेको थियो र पनि तिमीहरूले मलाई छिःछि :र दूर-दूर गरेनौ। तर उल्टै तिमीहरूले त परमेश्वरको दूतलाई र ख्रीष्टलाई झैं मलाई स्वागत गर्‍यौ। 15अहो, त्यस बेला तिमीहरू कति खुसी थियौ, सम्भव भए त्यस बेला तिमीहरूले आफ्ना आँखा निकालेर मलाई दिनुपरे पनि दिन तयार थियौ। म यसको साक्षी छु। तर अहिले के भयो? 16अहिले म साँचो कुरा बोलेर के तिमीहरूको शत्रु भएँ?** ***17अरू मानिसहरूले पनि तिमीहरूमा ठूलो चासो देखाउँदछन्। तर राम्रो चिताएर त होइन। उनीहरू मबाट तिमीहरूलाई फुट गराएर आफैंतिर तान्न चाहन्छन्। 18म तिमीहरूसँग हुँदा मात्र होइन नहुँदा पनि सधैं राम्रो कुरामा जोशिलै हुनु असल हो। 19मेरा बालकहरू, तिमीहरूमा ख्रीष्टको स्वभाव नबनिएसम्म व्यथा लागेकी सुत्केरीजस्तै दुःख मलाई लागिरहन्छ। 20अहिले नै म त्यहाँ भए मैले यसरी कुरा गर्नुपर्ने थिएन। तर टाढाबाट मैले के गर्ने? म अन्योलमा परेको छु।*** "

पावलको सुसमाचार निडर र इमान्दार थियो। उनले गलातीहरूलाई अत्यन्त रिस उठाउने गरि बोल्न सक्थ्ये। पावलका बैरीहरूले गलातीहरूको मन आफूहरूतिर फर्काउन भरमग्दुर प्रयास गरिरहेका थिए। तिनीहरूलाई तिनीहरूले सत्यबाट भड्काइरहेका थिए। ती बैरी तथा नकावधारी इसाईहरूले गलातीहरूलाई माया गरेको कारणले त्यो प्रयास गरिरहेको थिएन तर आफ्नै स्वार्थ सिद्धको निम्ति उनीहरूलाई आफूतिर तान्न खोजिरहेका थिए। “तिमीहरूलाई अलग पार्न खोजेको छ "वा “मबाट छिनाल्न खोजिरहेको छ (रुपान्तरित) भनेर उनको बिरोधीहरूको भण्डाफोर गर्न खोजेको अर्थ ठ्याक्कै के हो स्पष्ट त छैन। हुनसक्छ ,ती गैर-यहूदीहरूले खतना नगरुञ्जेल सुसमाचारको आशिषको अनुभव गर्न सकिन्दैन भनेर सुसमाचारको आनन्दबाट ती बिरोधीहरूले गलातीहरूलाई बन्चित गराउन खोजेका होलान्।

**तपाईंले सत्य बोल्दा कोहि मानिस रीसाएको थियो भने त्यस बेलाको कुरालाई याद गर्नुहोस्। यसबाट तपाईंले के सिक्नुभयो जसले गर्दा पछि सम्झाउँदा अझ होस गरेर बोल्नुपर्ने हुन्छ?**

## उपसंहार:

**थप जानकारी**“ :सुसमाचारको विशुद्ध सन्देशलाई बिथोल्न गलातीका चर्चहरूमा खुलेआम गलत शिक्षाहरू फैलाइएका थिए। विश्वासको सत् वा सही जग

येशूको बिकल्पमा नकावधारी यहूदी-इसाईहरूले यहूदी धर्मको पुरानो वा पार भइसकेको संस्कार वा रितिरिवाजलाई चर्चमा भित्राउन खोज्दै थिए। यदि संस्कारलाई पालन गरेर मुक्ति पाइन्छ भन्ने खतरापूर्ण धर्मदर्शनले गलातीहरूको विश्‍वासमा घुसिरहेकोछ भने तिनीहरूलाई स्पष्ट वा जतिसुकै तिखो भएतापनि चेलावनी दिनु आवश्यक छ भनेर पावलले देखेका थिए।

खीष्टको प्रत्येक सेवकले पावलको शैली अपनाउनु धेरै महत्त्वपूर्ण छ। सुसमाचार प्रचारकले बिभिन्न मानिसहरूको हितलाई ध्यानमा राखेर तिनीहरूको परिस्थिति अनुसार तिनीहरूसँग काम गर्नुपर्दछ। मृदु स्वभाव ,मीठो बोली वचन ,धैर्यता ,निर्णायक र वचनमा अडिगता जस्ता गुणहरू परमेश्‍वरको सेवकमा हुनुपर्दछ। तर ती सबै असल तथा न्यायपूर्ण तरिकाले प्रयोग गर्नुपर्दछ। बिभिन्न बिचारधारका मानिसहरू ,विभिन्न परिस्थितिहरूमा बुद्धिमतापूर्वक काम गर्नुपर्दा परमेश्‍वरको आत्माको पवित्र पार्ने वचन र ठीक वेठीक छुट्याउने दक्षताको आवश्यकता हामीलाई चाहिन्छ...

परमेश्‍वरको शक्तिलाई थाहा पाउनेहरूले फेरि सत्य सुसमाचारप्रतिको प्रेममा फर्कन पावलले आफ्ना विश्‍वासीहरूलाई विन्ति गर्दछन्। जवाफ दिन नसक्ने तर्कहरूलाई तेर्स्याएर खीष्टमा स्वतन्त्र हुन पुरुष र महिलालाई पावलले आह्वान गर्दछन्। हाम्रो सट्टा मर्नुहुने प्रभुमा नै मात्र मुक्ति पाउँदा कत्तिको आशिष हुन्छ भन्ने धारणालाई पावलले तिनीहरूलाई प्रस्तुत गर्न खोजिरहेका थिए। यदि खीष्टको क्षमाशील अनुग्रहलाई ग्रहण गरेर उहाँमा जीवन समर्पण गरियो भने तिनीहरूले उहाँको धार्मिक पोशाक पहिरन अर्थात् पवित्र हुने अवसर पाउँछन्। प्रत्येक व्यक्ति जसले मुक्ति पाएको छ त्यसले परमेश्‍वरका कुराहरूमा सत्य र व्यक्तिगत अनुभव गर्न सक्छ भनेर पावलले दावी गरेको पाइन्छ।

पावलले गरेको अनुरोध बेकार भएको त थिएन। पवित्र आत्माले शक्तिशालीतरिकाबाट काम गर्नुभएको थियो। अनौठो वा सुसमाचार बिपरित अनौठो शिक्षाहरूतिर लागेका धेरै विश्‍वासीहरू पहिलाको सुसमाचारको आस्थामा फर्केका थिए। पछि गएर ख्रिष्टले दिनुभएको स्वतन्त्रतामा तिनीहरू अडिग भएर बसेका थिए। ***"-एलेन जी ह्वाइट ,द आक्टस् अभ आपोस्टलस् ,पृ. ३८५ , ३८६,३८८बाट रूपान्तरित***।

**चिन्तनमनन**

**क) सारा दुःख कष्टको बारेमा गहिरिएर सोच्नुहोस् र त्यसलाई परमेश्‍वरले कसरी प्रयोग गर्नुहुन्छ त्यो पनि सोच्नुहोस्। दुःख**

**कष्टबाट कुनै राम्रो कुरा निकासा नभएको परिस्थितिमा तपाईंको सोचाई कस्तो हुन्छ?**

ख) **हामीभित्र येशूको रूप बिकसित हुनु भनेको तर्कको बारेमा सोच्नुहोस्। यसको अर्थ के हो ?हाम्रो जीवन येशूको ढाँचामा ढलिरेहको छ भन्ने कसरी थाहा पाउने ?हामीले सोचेको समयमा येशूको रूप हामीभित्र भएन भने त्यसबाट निराश नहुन के गर्ने?**

**सारांशः**

बादबिवादलाई बौद्धिक रूपमा सामना गरेपछि ,पावलले अब अझ व्यक्तिगत र भावनात्मक वा मार्मिक तरिकाबाट गलातीहरूलाई आग्रह गर्दछन्। उनको सरसल्लाहलाई सुन्न हार्दिक अनुरोध गर्दछन्। तिनीहरूका आत्मिक पिता भएर सुरूमा उनीसँग तिनीहरूले सकारात्मक सम्वन्ध राखेको सम्झना उनले गराउँदछन्। त्यत्तिमात्र होइन उनीहरूप्रति उनले देखाएको सच्चा प्रेम र चासोको बारेमा पनि उनले ती गलातीहरूलाई सम्झाउँछन्।

# कथा ९
# बिहानको आनन्द

आफ्नो सानो छोरालाई काखमा लिएर नरोऊ नरोऊ भन्दै उनको घरबाहिर बाटोमा मेरी रूँदै थिइन्। झन्डै जन्मैदेखि उनको छोरा बिरामी थियो। मेरीले आफ्नो छोरालाई धेरै डाक्टरहरूकहाँ लगे तर कसैले पनि उसलाई निको पार्न सकेनन्। उसलाई नराम्रोसँग खोक्ने व्यथा लागेको थियो। दुई पल्ट उसलाई अस्पतालमा भर्ना गरिएको थियो। कुनै पनि औषधीले उसलाई छोएको थिएन। पछिल्लो डाक्टरले त्यस बालकको निम्ति एक्सरे र अरू परीक्षणको लागि लेखिदिए। तर मेरीसँग सबै पैसा सिद्धिएको थियो।

तीन महिना भयो उनको सिकर्मी पतिले काम पाएको थिएन। घरको बहाल तिर्न र खानाको निम्ति तिनीहरूले हजारौं रूपैयाँ सापट लिएका थिए। तिनीहरूको जीवन निराशै निराश देखिन्थ्यो। उनको पति उदास भएको थियो। आफ्नो परिवारलाई सहयोग गर्न आफूमा कुनै पनि तागत नभएको महसुस उसले महसुस गर्‍यो। तिनीहरूले कष्टकर जीवन जीउनुको सट्टा मर्नु नै बेस ठाने। सबै जना आत्महत्या गरेर मर्ने भनेर मेरीको पतिले भने। तर त्यो सुनेर उनी रिसाइन्। तर जब समस्या नै समस्या थोपरियो उनले पनि आत्महत्याको बिकल्प अरू नभएको सोचिन्।

बाटोमा बसिरहेकी मेरीको छोरा खोक्दा खोक्दा हैरान भएको देख्दा रोइरहेकी बेलामा उनको छिमेकी मदेश उनीतिर आइरहेकी उनले देखिन्। मेरी रोइरहेकोले उनकहाँ आएर मायालु स्वभावले सोधिन्, "मेरी तिमीलाई के भयो?"

"यही दानिएलको निम्ति म रोइरहेको छु। यो बिरामी भएको भयै छ। यसलाई थप उपचार गर्न मसँग पैसा छैन। मदेशलाई मेरीको समस्याहरूको बारेमा थाहा थियो। उनको छोरा जन्मे पछि मदेश मेरीको घरमा धेरै पल्ट गएको थियो। उनले त्यस परिवारको निम्ति प्रार्थना पनि गरेकी थिइन्।

"चिन्ता नगर्नु" सान्त्वना दिँदै मदेशले भनिन्, "हाम्रो प्रभु येशूले सहायता गर्न सक्नुहुन्छ। मसँग चर्चमा आउनुहोस्। मेरो पास्टरले तपाईंको निम्ति प्रार्थना गर्नुहुनेछ।" त्यो दिन साबथको दिन थियो। मदेश चर्चमा जाँदै थिइन्।

मेरीले केही पनि भनिनन्। आफ्नो आँशु पुछेर उनी मदेशको पछि लागिन्। जब तिनीहरू चर्चमा पुगे तब पास्टरले तिनीहरूलाई खुशी भएर स्वागत

गरे। जब मदेशले पास्टरलाई मेरीको समस्याको बारेमा बताइन् तब पास्टरले चर्चपछि उनको निम्ति र उनको छोराको निम्ति प्रार्थना गर्न वचन दिए।

शबथ स्कुलभरि मेरी चुपचाप बसिन्। उनले चर्चमा त्यस्तो सेवाकार्य कहिल्यै पनि देखेकी थिइनन्। उनले पास्टरको प्रवचन सुनेर बसिन्। पास्टरले उनको छोरालाई औषधी दिन्छ कि भनेर आशा गरेर बसिन्। त्यसबेला दानिएल उनको काखमा सुतेर बसेको थियो। जब चर्चको सेवाकार्य सकियो मेरी चर्चमै बसिरहिन्। जब चर्चपछि सबै जना बिदावारी भए तब पास्टर चर्चभित्र आए र मेरीको नजिक बसे। आफ्नो हात दानिएलको शीरमा राखेर उसलाई निको पार्न र परिवारलाई उहाँको शक्ति देखाउन पास्टरले परमेश्वरसँग प्रार्थना गरे। अनि पास्टरले जरिबूटि भएको एउटा खाम मेरीलाई दिए र मह वा पानीसँग मिसाएर बालकलाई ख्वाउनु भनेर अऱ्हाए।

घर फर्कन्दै गरेको समयमा मदेशले मेरीलाई धेरै हौशला दिइन्। मेरीको घरमा मदेशले ती जरिबूटीहरू तातो पानीमा मिसाएर दिइन्। मेरीसँग पैसा नभएकोले मह किन्न सकेकी थिइनन्। सानो दानिएललाई चम्चाद्वारा औषधी ख्वाइदिए। मेरीसँग मदेशले प्रार्थना गरिन् र आफ्नो घरमा फर्किन्।